# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ सङ्ख्या : २१ मिति : २०७५/०८/०९

## भाग-२

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७५/०८/०८

# ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७५

हतुवागढी राजपत्र

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको लागि हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि हतुवागढी गाउँपालिका क्षेत्र भित्र संविधान, ऐन, कानुन अनुकुल हुने गरि जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा कार्य गर्नको लागि कार्यविधि निर्माण गर्न वान्छनीय भएकोले हतुवागढी गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

## १. परिभाषा

१) जेष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पुरा गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

२) हकवाला भन्नाले मुलुकि ऐन अपुतालिको महल बमोजिम जेष्ठ नागरिकको अपुतालि खान पाउने हकवाला सम्झनुपर्छ ।

३) जेष्ठ नागरिक क्लव भन्नाले जेष्ठ नागरिले आफ्नो हकहित र अधिकार संरक्षणको लागी प्रचलित कानुन बमोजिम स्थापना गरेको क्लव सम्झनुपर्छ ।

## २. जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि व्यवस्था

२.१ हतुवागढी गाउँपालिका स्थायी बसोवास भएका साठी वर्ष उमेर पुरा गरेको प्रत्येक नागरिकलाई निम्न विवरण सहितको जेष्ठ नागरिक परिचय पत्र दिइने छ ।

क) निवेदनको नमुना अनुसुचि १ मा रहको छ।

ख) परिचय पत्रको नमुना अनुसुचि २ मा रहेको छ ।

## ३. जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्नका लागि आवश्यक कागजपत्रहरु

**क) निवेदन**
**ख) नागरिकताको फोटोकपि : १ थान**
**ग) फोटो ३ वटा**

## ४. विविध

क) जेष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने सबैको कर्तव्य हुनेछ ।

ख) यो कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट निःशुल्क परिचय पत्र जारि हुनेछ ।

(ग) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

घ) यो कार्यविधि निर्माण हुनु अगाडी भए गरेका काम काज यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

## अनुसुचि १

मिति....................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार भोजपुर ।

**विषय :-जेष्ठ नागरिक परिचय पत्र पाउँ ।**

**उपरोक्त सम्बन्धमा प्रचलित कानुन बमोजिम म जेष्ठ नागरिक भएको हुदा जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनु हुन देहायको विवरण पेश गरेको छु। जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु।**

**पति/पत्नीको नाम :**
**सम्पर्क व्यक्तिको नाम :**
**संलग्न कागजात :**

**निवेदक :**
**दस्तखत :**
**नाम थर :**
**उमेर :**
**ठेगाना :**

अनुसुचि २

# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार भोजपुर

फोटो

## जेष्ठ नागरिक परिचय पत्र

**नाम,थर.......................................................**
**ना.प्र.नं.......................................................**
**ठेगाना: भोजपूर जिल्ला, हतुवागढी गाउँपालिका, वडा नं. ........, गाउँ/टोल ..............**
**उमेर : ......... वर्ष लिङ्ग ...............**
**रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम : ..........................**
**पति/पत्निको नाम :**
**हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : ...............**
**संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाईल नं. ..................................................**
**उपलब्ध छुट तथा सुविधाहरु : स्वास्थ्य उपचार, यातायात आदिमा तोकिए अनुरुप छुट**

..........................
**प्रमुख प्रशासकीय अधिकृत**

आज्ञाले :
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत